संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ २९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै हात उठाएर मा० श्री प्रदिप कुमार ज्ञवालीले सत्ता गठबन्धनमा रहेका एक दलका प्रमुख सचेतकले उठाउनु भएको विषयमा सम्माननीय प्रधानमन्त्रीले सदनलाई जानकारी गराउनु पर्ने, सम्माननीय प्रधानमन्त्रीले गर्ने भनिएको अमेरिकाको भ्रमण प्रधानमन्त्री वा रक्षा मन्त्री कुन हैसियतबाट गर्न लाग्नु भएको हो सो सम्बन्धमा सदनलाई जानकारी गराउनु पर्ने लगायतका विषयहरुमा आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयको कार्यक्रममा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री लक्ष्मी कुमारी चौधरी
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री लाल प्रसाद साँवा लिम्बु
४. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
५. मा० श्री विद्या भट्टराई
६. मा० श्री विना कुमारी श्रेष्ठ
७. मा० श्री विना देवी बुढाथोकी
८. मा० श्री विन्दा पाण्डे
९. मा० श्री विमला विश्वकर्मा
१०. मा० श्री विशाल भट्टराई
११. मा० श्री विष्णु शर्मा
१२. मा० श्री शक्ति बहादुर बस्नेत
१३. मा० श्री शेर बहादुर तामाङ
१४. मा० श्री सत्य पहाडी
१५. मा० श्री समिना हुसेन
१६. मा० श्री सरला कुमारी यादव
१७. मा० श्री सरिता कुमारी गिरी
१८. मा० श्री सरवत आरा खानम
१९. मा० श्री सुरेश चन्द्र दास
२०. मा० डा० सूर्य प्रसाद पाठक
२१. मा० श्री हिरा गुरुङ्ग

त्यसपछि सम्माननीय सभामुखले खेतीको समयमा पनि मल उपलब्ध नभैरहेको सन्दर्भमा मा० सदस्यहरुले उठाउनु भएको विषयमा मेरो ध्यानाकर्षण भएको छ । यथाशिघ्र कृषकहरुले मल प्राप्त गर्नसक्ने गरी व्यवस्थापन गर्न गराउन सम्बन्धित मन्त्रालय र नेपाल सरकारको ध्यानाकर्षण गराउँदछु भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ को विभिन्न शीर्षकहरुमाथिको छलफल अन्तर्गत शहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि समुहिकृत रुपमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै उल्लिखित मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि ५ जना मा० सदस्यहरुबाट प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४३ को उपनियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम खर्च कटौतीको प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात खर्च कटौती प्रस्तावका प्रस्तावक निम्नलिखित मा० सदस्यहरुले आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै निर्धारित विनियोजन शीर्षकहरुमाथिको छलफलमा भाग लिनुभयो :-

१. मा० श्री प्रेम सुवाल
२. मा० श्री दुर्गा पौडेल
३. मा० श्री कृष्णभक्त पोखेल
४. मा० श्री शेरबहादुर तामाङ
५. मा० डा० भीम बहादुर रावल

त्यसपछि उक्त मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री लक्ष्मी परियार
३. मा० श्री शक्ति बहादुर बस्नेत
४. मा० श्री सरला कुमारी यादव
५. मा० श्री रेनुका गुरुङ्ग
६. मा० श्री अनिल कुमार झा
७. मा० श्री कृष्ण प्रसाद दाहाल
८. मा० श्री सत्यनारायण शर्मा खनाल
९. मा० श्री सत्य पहाडी
१०. मा० श्री लक्ष्मी कुमारी चौधरी
११. मा० श्री लिला देवी सिटौला
१२. मा० श्री भानुभक्त ढकाल

१३. मा० श्री बिमला नेपाली
१४. मा० श्री अमनलाल मोदी
१५. मा० श्री पुष्पा कुमारी कर्ण कायस्त
१६. मा० डा० विजय सुब्बा
१७. मा० श्री तेजुलाल चौधरी
१८. मा० श्री सुरेश चन्द्र दास
१९. मा० श्री गोपाल बहादुर बम
२०. मा० श्री गंगा चौधरी (सत्गौवा)
२१. मा० डा० डिला सँग्रौला (पंत)
२२. मा० श्री अञ्जना विसंखे
२३. मा० श्री सुरेन्द्र कुमार यादव
२४. मा० श्री केदार सिग्देल
२५. मा० डा० अमरेश कुमार सिंह
२६. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
२७. मा० श्री रंगमति शाही
२८. मा० श्री गिरिराजमणि पोखरेल
२९. मा० श्री माया देवी न्यौपाने
३०. मा० श्री देवप्रसाद तिमलसेना
३१. मा० श्री पवित्रा निरौला (खरेल)
३२. मा० श्री मिना सुब्बा
३३. मा० श्री दिपक प्रकाश भट्ट
३४. मा० श्री पार्वता डि.सी. (चौधरी)
३५. मा० श्री गजेन्द्र बहादुर महत
३६. मा० श्री राज बहादुर बुढाक्षेत्री
३७. मा० श्री सुजाता परियार
३८. मा० श्री सरिता कुमारी गिरी
३९. मा० श्री मोहन प्रसाद पाण्डे
४०. मा० श्री बिमला विश्वकर्मा
४१. मा० श्री राजेन्द्र कुमार के.सी.
४२. मा० श्री नवराज सिलवाल
४३. मा० श्री प्रकाश रसाईली (स्नेही)
४४. मा० श्री खेमप्रसाद लोहनी
४५. मा० श्री महेन्द्र कुमारी लिम्बु
४६. मा० श्री भुपेन्द्र बहादुर थापा
४७. मा० श्री मिन बहादुर विश्वकर्म
४८. मा० श्री घनश्याम खतिवडा
४९. मा० श्री राजेन्द्र कुमार राई
५०. मा० श्री सञ्जय कुमार गौतम
५१. मा० श्री नारायण प्रसाद मरासिनी
५२. मा० श्री पुष्पा भुसाल (गौतम)
५३. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
५४. मा० श्री विशाल भट्टराई

यसैबीच मा० श्री अञ्जना विसंखेले छलफलमा भाग लिइसकेपछि मा० श्री निरा देवी जैरुले नियमापत्ति गर्नुहुँदै मन्त्रालयगत छलफलमा भाग लिने क्रममा शहरी विकास मन्त्रीलाई व्यक्तिगत रुपमा लक्षित हुने गरी भनिएका शब्दहरु संसदीय मर्यादाभित्र नपर्ने र त्यस्ता शब्दहरु रेकर्डबाट हटाइयोस् भनी माग गर्नुभएपछि सम्माननीय सभामुखले त्यस्ता शब्दहरु अभिलेखबाट हटाउन सचिवालयलाई निर्देश गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत शहरी विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७९ अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, युवा तथा खेलकूद मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मा० मन्त्रीहरुले जवाफ दिने कार्यक्रम मिति २०७९ जेठ ३० गतेको बैठकमा हुने व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले पूर्व सदस्य भद्र बहादुर थापाको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक ने.क.पा. (एमाले) बाट वि.सं. २०५६ सालको संसदीय निर्वाचनमा पाल्पा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य एवं अन्तरिम व्यवस्थापिका-संसद सदस्य, लोकतान्त्रिक आन्दोलनका अथक योद्धा भद्र बहादुर थापाको ७० वर्षको उमेरमा मिति २०७९ साल जेठ २८ गते शनिबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले दिवंगत भद्र बहादुर थापाको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ ३० गते सोमबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक बेलुका ७:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव